## मिति २०८३ जेठ ०८ गतेको ७४ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : खर्च प्रगति सम्बन्धमा।

प्रस्ताव नं. ३ : विभिन्न मन्त्रालय/कार्यालयको पत्रको जानकारी सम्बन्धमा।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. ५ : सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान नगर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : रकम उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ७ : अध्ययनका लागि पूर्व स्वीकृत सम्बन्धमा।

प्रस्ताव नं. ८: नापी अधिकृतको लागि गरिएको पदपूर्ति सम्बन्धी सूचना अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ९: भूमि प्रशासन शाखा संचालन तथा व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. १०: नदीजन्य पदार्थ उत्खनन्/संकलनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११: वडा कार्यालयबाट प्राप्त खरिद सम्बन्धमा।

प्रस्ताव नं. १२: सरकारी सार्वजनिक जग्गामा निर्माण भएका संरचनाको जग्गा प्राप्ति सम्बन्धमा।

प्रस्ताव नं. १३: च्याङकल चौर खेलमैदान निर्माणका लागि सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं.१४: मेलम्ची-फट्टे-दुबाचौर पक्की मोटरेवल पुल निर्माणको ठेक्का प्रक्रिया अगाडि बढाउनको लागि अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १५: सहकारी संस्थाको अनुगमन प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. १६: कल्भर्ट निर्माणका लागि सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १७: नालीको पानीको व्यवस्थापनका लागि अनुरोध गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १८: मेलमिलाप सञ्जाल मार्फत कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १९: स्वास्थ्य चौकी भवन मर्मत संभार सम्बन्धमा।

प्रस्ताव नं. २०: मकैबारी पहिरो संरक्षण सम्बन्धमा।

प्रस्ताव नं. २१: विद्यालय व्यवस्थापन समिति पुनर्गठन सम्बन्धमा।

## निर्णयहरु

**निर्णय नं. ७४.१** : नगर कार्यपालिकाको मिति २०८३/०१/१७ गतेको ७३ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो। हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.२** : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको आम्दानी तर्फ ६७.२५ प्रतिशत, चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ६१.१५ प्रतिशत र पूँजीगत तर्फ २३.८ प्रतिशत गरी समग्रमा ४३.०७ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो।

**निर्णय नं. ७४.३** : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त भएको पत्रको सम्बन्धमा यस बैठकमा छलफल भई सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो।

### तपसिल

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको च.नं. ४८५७४ मिति २०८३/०१/१० को पत्रबाट उजुरी द.नं. ८२८३C-०३१९२७ को यस नगरपालिका स्थित श्री प्रज्ञा आधारभुत विद्यालयका प्र.अ. रामकाजी पाण्डे समेतले विभिन्न भ्रष्टाचारजन्य कार्य गरेको भन्ने उजुरीको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी शुल्क लिएको विषय शिक्षा नियमावली, २०५९ को नियम १४७ मा भएको शुल्क सम्बन्धी व्यवस्था बमोजिम सम्बन्धित निकायबाट स्वीकृत नगरी शुल्क लिने कार्य गरेको देखिएको हुँदा सो सम्बन्धमा कानून बमोजिम गर्नु गराउनुको लागि यस नगरपालिकालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) बमोजिम सुझाव लेखि पठाई हाललाई तामेलीमा राख्ने भनी निर्णय भई आएकोमा उक्त निर्णय र पत्रको विषयमा यस कार्यपालिका बैठकमा जानकारी गराइयो। साथै, उक्त विषयका सम्बन्धमा कानून बमोजिम गर्न/गराउनका लागि सबै विद्यालयहरुमा जानकारी गराउने निर्णय गरियो।

- राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाडौंको च.नं. प्रा./३०/२२३८ मिति २०८३/०२/०६ को पत्रबाट प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको च.नं. ४३४४ मिति २०८३/०१/२४ को पत्रानुसार निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा, गिटी, बालुवा, माटो लगायतका नदीजन्य र खानीजन्य पदार्थको उत्खनन्, संकलन, ओसारपसार तथा बिक्री वितरण लगायतका कार्य गैरकानूनी तरिकाले भइरहेको गुनासो आएकोले यस नगरपालिकामा संचालनमा रहेका नदीजन्य

र खानीजन्य उत्खनन् तथा संकलन गर्ने उद्योगहरुको विवरण, दर्ता नवीकरण सम्बन्धी विवरण, ठेक्का सम्झौता कागजात र सम्झौतामा उल्लेख भएको परिमाणको विवरण, वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) प्रतिवेदन र राजस्व संकलनको विवरण उपलब्ध गराइदिनका लागि लेखि आएको हुँदा उक्त पत्रको विषय र माग गरिएका विवरणका सम्बन्धमा यस बैठकमा छलफल गरियो ।

साथै, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको च.नं. ४३४४ मिति २०८३/०१/२४ को पत्रको सन्दर्भमा यस कार्यालयको च.नं. ३४२२ मिति २०८३/०१/२५ को पत्रबाट मापदण्ड विपरित उत्खनन् कार्य नगर्नका लागि सबै क्रसर उद्योगलाई पत्राचार गरिनुको साथै यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका नदीजन्य पदार्थ उत्खनन् एवं संकलन गर्ने क्रसर/वासिङ उद्योगहरुको जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, मेलम्ची नगरपालिका, सुरक्षा निकाय र अन्य सम्बद्ध निकायका प्रतिनिधिहरुबाट स्थलगत अनुगमन गरिएको र अनुगमनका क्रममा केही क्रसर/वासिङ उद्योगहरुले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा केही गहिरो उत्खनन् कार्य गरेको देखिएकोले मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ बमोजिम दण्ड जरिवाना समेत लगाइएको व्यहोरा अनुरोध गर्दै राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरवार, काठमाडौंबाट माग गरिएको विवरण उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७४.४** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट मार्फत फरफारकका लागि, मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भएका तथा गुणस्तरीय कार्य र योजना फरफारक सम्बन्धमा यस कार्यालयबाट जारी गरिएको सार्वजनिक सूचनामा कुनै गुनासो समेत प्राप्त नभएका देहाय बमोजिमका योजनाहरु पेश भएको हुँदा, उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७४.५** : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित जागेश्वरी मन्दिर आरुखर्क कृषि सडक स्तरोन्नतीको लागि नयाँ सडक ट्रयाक निर्माण गर्नुपर्ने भएको र उक्त योजनाको लागि चालु आ.व. २०८२/०८३ मा रु. ९ लाख बजेट विनियोजन भएकोले ११ नं. वडा कार्यालयको च.नं. १३११ मिति २०८२/१२/११ को पत्रबाट प्राविधिक टोलीबाट स्थलगत अनुगमनका लागि अनुरोध भई आएको हुँदा प्राविधिक टोलीबाट उक्त सडकको स्थलगत निरिक्षण र अनुगमन गर्दा प्रस्तावित सडकको केही भाग वन क्षेत्रले समेटिएको र केही भागले पहिरोको जोखिम निम्त्याउने हुँदा कानूनी आधार र नीतिगत मापदण्डका

कारण नयाँ सडक ट्र्याक निर्माण गर्न उपयुक्त नहुने भनी प्राविधिक प्रतिवेदन पेश भएको हुँदा उक्त सडक ट्र्याक निर्माणका लागि अनुमति प्रदान नगर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.६ :** जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक, चौताराको च.नं. २४६७ मिति २०८३/०१/०४ को पत्रबाट जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकबाट जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा सूचना व्यवस्थान अधिकृतको निरन्तरताको लागि जिल्लास्थित सबै स्थानीय तहहरुबाट एक महिनाको अधिकृतस्तरको पारिश्रमिक बापतको रकम बेहोर्ने र उक्त पारिश्रमिक रकम उपलब्ध गराइदिनका लागि निर्णय भएको हुँदा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा सूचना व्यवस्थापन अधिकृतको व्यवस्थापनको लागि करारका कर्मचारीहरुको पारिश्रमिक शिर्षकबाट खर्च हुने गरी एक महिनाको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७४.७ :** मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र (मेलम्ची नगर अस्पताल) मा सि.अ.न.मी. पाँचौं पदमा कार्यरत श्री स्वस्थानी थामीले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट संचालित परीक्षामा सहभागी हुन पूर्व स्वीकृतिको लागि निवेदन पेश गर्नु भएको हुँदा निजलाई स्टाफ नर्स अध्ययनका लागि परीक्षामा सहभागी हुन पूर्व स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.८ :** मेलम्ची नगरपालिका अन्तर्गत भूमि प्रशासन शाखा संचालनका लागि करार सेवामा नापी अधिकृत (अधिकृतस्तर) एक जना करार सेवामा पदपूर्तिको लागि मिति २०८३/०२/०१ मा सूचना प्रकाशन गरिएको हुँदा उक्त सूचना अनुमोदन गर्ने निर्णय गरियो। साथै, भूमि प्रशासन शाखा संचालनका लागि कर्मचारी संगठन संरचना बमोजिम आवश्यक पर्ने खर्च रकम नगरपालिकाको मिल्दो र उपयुक्त बजेट शिर्षकबाट व्यवस्थापन गर्ने गरी कार्य गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.९ :** नेपाल सरकार, साविक भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट संचालन गर्नको लागि ३५ वटा स्थानीय तहहरुमध्ये यस मेलम्ची नगरपालिका समेत छनौट भएकोमा, भूमि प्रशासन सम्बन्धी सेवा संचालनका लागि तोकिए बमोजिमको भौतिक पूर्वाधार तथा जनशक्ति व्यवस्थापनका लागि यस नगरपालिकामा हाल कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई थप जिम्मेवारी प्रदान गरी कार्य गराउने र भौतिक संरचनाको तत्काल व्यवस्थापनका लागि मेलम्ची नगरपालिका अन्तर्गत ११ नं. वडा कार्यालयको तल्लो तला

प्रयोग गर्ने र अन्य व्यवस्थापन कार्य कार्यलायले तत्काल गर्ने गरी सेवा संचालनको व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिइयो ।

| क्र.सं. | कर्मचारीको नाम, थर | तह/श्रेणी | हाल कार्यरत शाखा | थप जिम्मेवारी तोकिएको शाखा |
|---|---|---|---|---|
| १ | झपेन्द्रराज खरेल | वरिष्ठ शाखा अधिकृत (अधिकृतस्तर आठौं ) | कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा | भूमि व्यवस्थापन शाखा |
| २ | रमेश तिवारी | वरिष्ठ सहायक (सहायकस्तर पाँचौं ) | राजस्व शाखा | भूमि व्यवस्थापन शाखा |
| ३ | विष्णु गौतम | वरिष्ठ सहायक (सहायकस्तर पाँचौं ) | ९ नं. वडा कार्यालय, मेनपा | भूमि व्यवस्थापन शाखा |
| ४ | सुरेश नेपाल | अमिन (सहायकस्तर चौथो ) | भवन तथा शहरी विकास शाखा | भूमि व्यवस्थापन शाखा |
| ५ | नितेष यादव | अमिन (सहायकस्तर चौथो) | भवन तथा शहरी विकास शाखा | भूमि व्यवस्थापन शाखा |
| ६ | अम्बिका डोटेल | सहायकस्तर चौथो | ११ नं. वडा कार्यालय, मेनपा | भूमि व्यवस्थापन शाखा |
| ७ | मानकाजी तामाङ | सहायकस्तर चौथो | नगर प्रमुखको सचिवालय, मेनपा | भूमि व्यवस्थापन शाखा |
| ८ | प्रेम प्रसाद खतिवडा | कार्यालय सहयोगी | कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा | भूमि व्यवस्थापन शाखा |
| ९ | सुस्मिता राई | कार्यालय सहयोगी | कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा | भूमि व्यवस्थापन शाखा |

**निर्णय नं. ७४.१० :** मेलम्ची नगरपालिका क्षेत्र भित्र संचालित क्रसर उद्योगहरुको स्थलगत अनुगमन गर्दा केही क्रसर उद्योगहरुले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले उल्लेख गरेको मापदण्ड भन्दा केही स्थानमा तोकिएको भन्दा गहिराइसम्म उत्खनन् गरेको देखिँदा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको कानूनी व्यवस्था बमोजिम दण्ड जरिवाना लगाई मिति २०८३/०१/३० गतेको यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट लागि नदीजन्य पदार्थ उत्खनन्को कार्य बन्द गरिएकोमा, नगरपालिका क्षेत्र भित्र संचालित केही क्रसर उद्योगहरुले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाण अझै पनि उत्खनन्/संकलन गर्न बाँकी रहेको, मापदण्ड अनुसार जेष्ठ

मसान्तसम्म उत्खनन गर्ने व्यवस्था रहेको र राष्ट्रिय गौरवका आयोजनाहरुमा र बजारमा समेत निर्माण सामग्रीको अभाव हुने भनि गुनासो समेत प्राप्त भएको एवं नदीजन्य पदार्थ उत्खनन्का लागि विभिन्न क्रसर उद्योगहरुबाट अनुमति माग भएको हुँदा मिति २०८३/०१/३० गतेको निर्णय बदर गरी ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा भएको व्यवस्था अनुसार स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको मापदण्ड बमोजिम हुने गरी नदीजन्य पदार्थ उत्खनन् कार्य गर्न १५ (पन्ध्र) दिनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.११ :** मेलम्ची नगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट आ.व. २०८२/०८३ मा विनियोजित बजेटबाट खर्च हुने गरी खरिद सम्बन्धी कार्यका लागि सिफारिस भएकोमा आवश्यकता र औचित्यताको अध्ययन गरी एकमुष्ठ रुपमा खरिद प्रकिया अगाडि बढाउने निर्णय गरियो। साथै, खरिद सम्बन्धी कार्य सम्बन्धित वडा आफैले गर्दा कानून विपरित हुने भएकोले उक्त कार्य नगर्न/नगराउनको लागि सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.१२ :** मेलम्ची नगरपालिका अन्तर्गतका सरकारी एवं सार्वजनिक स्वामित्वको जग्गामा निर्माण भएका तपसिल बमोजिमका वडा कार्यालय, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र लगायतका केही सरकारी संरचनाहरुमा प्रयोग भएका जग्गाहरु प्रचलित कानून बमोजिम मेलम्ची नगरपालिकाको नाममा प्राप्तिको लागि जिल्ला प्रशासन कार्यालय मार्फत जग्गा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

| क्र.सं. | सरकारी/सार्वजनिक स्थानमा निर्माण भएका संरचनाहरुको विवरण | ठेगाना | उपभोग गरेको क्षे.फ. | कैफियत |
|---|---|---|---|---|
| १ | १ नं. वडा कार्यालय भवन, भोटेचौर | मेलम्ची न.पा.-१ | १-८-२-३ | |
| २ | भोटेचौर स्वास्थ्य चौकी भवन | मेलम्ची न.पा. -१ | २-१४-२-१ | |
| ३ | ३ नं. वडा कार्यालय भवन, हैबुङ | मेलम्ची न.पा.-३ | ६-१०-२-० | |
| ४ | हैबुङ स्वास्थ्य चौकी भवन | मेलम्ची न.पा. -३ | | |
| ५ | एकिकृत सेवा केन्द्र भवन, थालेखेत | मेलम्ची न.पा.-३ | ६-०-०-० | |
| ६ | ४ नं. वडा कार्यालय भवन, थकनी | मेलम्ची न.पा. -४ | ३-१०-२-१ | |
| ७ | थकनी स्वास्थ्य चौकी भवन | मेलम्ची न.पा.-४ | १-१५-२-० | |
| ८ | ५ नं. वडा कार्यालय भवन, सिन्धुकोट | मेलम्ची न.पा. -५ | १-९-३-३ | |
| ९ | शिखरपुर स्वास्थ्य चौकी भवन | मेलम्ची न.पा.-१० | २-२-१-० | |
| १० | १३ नं. वडा कार्यालय, फटकशिला | मेलम्ची न.पा. -१३ | १-४-०-० | |
| ११ | फटकशिला स्वास्थ्य चौकी भवन | मेलम्ची न.पा.-१३ | ०-१२-०-० | |

**निर्णय नं. ७४.१३ :** मेलम्ची नगरपालिका वडा नं. ४ स्थित च्याङकल चौर खेलमैदान निर्माणका लागि बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकबाट चालु आ.व. २०८२/०८३ मा रु. १८ लाख बजेट विनियोजन भएकोमा उक्त योजना निर्माण एवं कार्यान्वयनका लागि सिफारिस गरिदिनुहुन भनि ४ नं. वडा कार्यालयको च.नं. ७७१ मिति २०८३/०२/०७ को पत्रबाट लेखि आएको हुँदा मेलम्ची नगरपालिकाको अमिनबाट मेलम्ची नगरपालिका वडा नं. ४ (साविक थकनी गा.वि.स. वडा नं. ५) स्थित कि.नं. ४९० को जग्गा मालपोत कार्यालय, सिन्धुपाल्चोकको सरकारी /सार्वजनिक जग्गाको विवरणमा जंगल भनी जनाइएको र उक्त जग्गा सरकारी/सार्वजनिक भएता पनि विगत केही वर्ष देखि नै उक्त जग्गा च्याङकलचौर खेलमैदनाको रुपमा प्रयोग हुँदै आएको भनि प्राविधिक प्रतिवेदन पेश भएको हुँदा उक्त स्थान विगत देखि नै खेलकुद मैदानको रुपमा प्रयोग हुँदै आएको देखिएकोले उक्त स्थानमा खेलमैदान निर्माणको प्रक्रिया अगाडि बढाइदिनका लागि बागमती प्रदेश सरकार, सामाजिक विकास कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.१४:** मेलम्ची नगरपालिका वडा नं. ११ र ७ जोड्ने मेलम्ची- फट्टे - दुवाचौर पक्की मोटरेवल पुल मिति २०७८ साल असार १ गते मेलम्ची नदीमा आएको बाढीबाट पूर्ण रुपमा क्षति भई हालसम्म पुनर्निर्माण हुन नसेकेको हुँदा मेलम्ची नगरपालिका वडा नं. ७ र ८ का स्थानीय बासिन्दाका साथै हेलम्बु गाउँपालिका र पाँचपोखरी थाङपाल गाउँपालिकाका स्थानीय बासिन्दाहरुलाई एम्बुलेन्स लगायत अत्यावश्यक दैनिक यातायातका साधनहरु संचालनको अभावमा अत्यन्त कठिनाई अवस्था उत्पन्न भएको हुँदा उक्त पक्की मोटरेवल पुन निर्माणको ठेक्का प्रक्रिया अगाडि बढाइदिनका लागि बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय र बागमती प्रदेश, यातायात पूर्वाधार निर्देशनालय, हेटौडा, मकवानपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.१५:** डिभिजन सहकारी कार्यालयबाट हस्तान्तरण भई आएका र यस मेलम्ची नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न प्रकृतिका सहकारी संस्थाहरुको हालको अवस्था सम्बन्धमा सहकारी शाखाबाट अनुगमन तथा निरिक्षण गरि तयार भएको प्रतिवेदन प्रस्तुत भयो, यस सम्बन्धमा आर्थिक विकास समितिमा छलफल गराई आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्णय गरियो।

**निर्णय नं. ७४.१६:** भोटेचौर-पिप्ले सडक खण्ड भित्र पर्ने मेलम्ची नगरपालिका वडा नं. ४ स्थित पिप्ले गडाहा खोलामा कल्भर्ट निर्माण नभएको कारण उक्त सडक मार्ग हुँदै वडा कार्यालयसम्म एम्बुल्न्स लगायत दैनिक यातायातका साधनहरु संचालन गर्न कठिनाई उत्पन्न भएको हुँदा दैनिक यातायातका साधनहरु संचालन गरी स्थानीय बासिन्दाहरुलाई सहज यातायात सेवा संचालन गर्नको लागि उक्त

खोलामा कल्भर्ट निर्माण गर्नको लागि सडक डिभिजन कार्यालय, चरिकोट, दोलखालाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.१७ :** मेलम्ची नगरपालिका अन्तर्गत ३ नं. वडा कार्यालयको च.नं. ८१२ मिति २०८३/०२/०६ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. ३ हैबुङस्थित दहपोखरी देवीस्थान हुँदै चिलाउनेखोला मध्यपहाडी लोकमार्ग जोड्ने सडकको मुखमा मध्यपहाडी लोकमार्गको नालीबाट निस्केको पानीले शाखा सडक बिग्रिएको हुँदा उक्त नाली व्यवस्थित गर्नको लागि मध्यपहाडी लोकमार्गलाई पटक पटक अनुरोध गर्दा समेत वेवास्ता गरी अटेर गरेको हुँदा उक्त अव्यवस्थित नालीको पानीको व्यवस्थापनको लागि सम्बन्धित निकायलाई अनुरोध गर्नको लागि सिफारिस भई आएको हुँदा उक्त स्थानको शाखा सडक बिग्रिने गरी निकासी गरिएको नालीको पानी तत्काल व्स्थापनका लागि पुष्पलाल मध्यपहाडी लोकमार्गलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.१८ :** मेलम्ची नगरपालिका वडा नं. ११ स्थित सामुदायिक मेलमिलाप सेवा केन्द्रको मिति २०८३/०१/३१ को पत्रबाट मेलमिलाप सम्बन्धी आधरभूत तालिम संचालनका लागि आ.व. २०८२/०८३ मा बजेट विनियोजन भएको र उक्त आधारभूत मेलमिलाप सम्बन्धी तालिम संचालनका लागि सामुदायिक मेलमिलाप सेवा केन्द्रबाट प्रस्तावना पेश भई आएको हुँदा सामुदायिक मेलमिलाप सेवा केन्द्र मार्फत कार्यक्रम संचालनका लागि रु. ५ लाख बजेट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७४.१९ :** मेलम्ची नगरपालिका वडा नं. ९ गोल्मास्थान स्थित ज्यामिरे स्वास्थ्य चौकी भवन जिर्ण भई मर्मत संभार गर्नुपर्ने भएकोले मर्मत संभार कोषबाट खर्च हुने गरी उक्त स्वास्थ्य चौकीको मर्मत संभारको लागि प्राविधिक लागत अनुमान बमोजिम रु. १ लाख उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ७४.२० :** मेलम्ची-तिपेनी -भोताङ सडक खण्ड अन्तर्गत मेलम्ची नगरपालिका वडा ९ स्थित मकैबारी पहिरोको कारण मेलम्ची देखि पाँचपोखरी थाङ्पाल गाउँपालिकासम्म एम्बुलेन्सका साथै यातायातका दैनिक साधनहरु संचालन गर्न कठिनाई भएको भनि स्थानीयबाट व्यापक जनगुनासो प्राप्त भएको छ।

यसै सन्दर्भमा, पाँचपोखरी थाङपाल गाउँ कार्यपालिकाको कार्यालयको च.नं. २०३४ मिति २०८३/०१/३१ गतेको पत्रबाट मेलम्ची-भोताङ सडक खण्ड अन्तर्गतको मकैबारी खोल्साबाट पहिरो गई यातायात संचालनमा कठिनाई उत्पन्न भएको हुँदा पाँचपोखरी थाङ्पाल गाउँपालिकाबाट समेत पहिरो संरक्षणका लागि लागत साझेदारी बेहोर्ने प्रतिबद्धता सहितको सिफारिस पत्र प्राप्त भएको र मेलम्ची नगरपालिका अन्तर्गत ९ नं. वडा कार्यालयको च.नं. १२५७ मिति २०८३/०२/०४ को पत्रबाट समेत पहिरो संरक्षणका लागि सिफारिस भई आएको हुँदा प्राविधिक लागत अनुमान बमोजिम उक्त सडक खण्ड

मेलम्ची नगरपालिकाबाट ७० प्रतिशत र पाँचपोखरी थाङ्पाल गाउँपालिकाबाट ३० प्रतिशत लागत साझेदारी बेहोर्ने गरी संयुक्त लागत साझेदारीमा विपद् व्यवसथापन कोषबाट खर्च हुने गरी सडक मर्मत संभारको कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७४.२१ :** मेलम्ची नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा गठित विद्यालय व्यवस्थापन समितिको म्याद सकिने क्रम शुरु भएकोले नेपाल सरकारद्वारा जारी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ अनुसार शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा १२ को उपदफा १ (खण्ड 'ग' को प्रावधन नरहने गरी ) विद्यालय व्यवस्थापन समिति गठनका लागि विद्यालयलाई परिपत्र गर्ने निर्णय गरियो।

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८३-०२-०८ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | पुछारटोल सामुदायिक भवन शौचालय निर्माण | ३,००,०००.०० | ३०,०००.०० | ३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | २ कोठे शौचालय निर्माण तथा ईट्टाको वाल र आ.सि.सि.सि. सिलिङ ढलान निर्माण कार्य भएको। |
| २ | श्रीकृष्ण मन्दिर निर्माण देउराली भन्ज्याङ | ५,००,०००.०० | ५०,०००.०० | ४ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लाष्टर पेन्टिङ कोरामसिनो, चेन गेट, लगाएतका फिनिसिङ्ग कार्य भएको र माथिल्लो तलामा आ.सि.सी पिल्लर उठाइएको। |
| ३ | डाँडाकटेरी चिहानघाट निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ४ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सि. संरचना बनाई चिहान घाट.निर्माणको कार्य भएको |
| ४ | कृष्ण मन्दिर अधुरो | १०,००,०००.०० | १,००,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सि. संरचना बनाई मन्दिर निर्माण तथा मेशनरी वालको कार्य भएको |
| ५ | थुम्पालडाँडा खानेपानी तथा सिंचाई निर्माण कार्य, | ५,००,०००.०० | ५०,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मुहानमा intake बनाई खानेपानीको पाईप खरिद गरी खन्ने पुर्ने कार्य गरी धारा निर्माणको कार्य |
| ६ | स्याङ्वोखोर वोम्वोखोर चेयानडाँडा निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सि. संरचना बनाई चियान घाट निर्माण कार्य भएको। |
| ७ | काभ्रेखोला साडे सिंचाई निर्माण | २,५०,०००.०० | २५,०००.०० | ८ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | पाईप खरिद गरी खन्ने पुर्ने कार्य गरी सिँचाईको निर्माण कार्य भएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | सुनखानीमा ग्राउन्ड निर्माण कार्य(MMSI/WORKS/NCB/२०८१-८२/३२) | ४९८०८८५.११(ल.ई.रकम)४६६८७८९.२८(सम्झौता रकम) | प्राविधिक बिल अनुसार | ९ | प्राविधिक बिल अनुसार | ठेक्का | जमिन खनी खेलकुदको लागी मैदान निर्माण गर्ने, छेउको खोल्चा व्यवस्थापन गर्न क्याचपिट बनाई ह्युमपाईप राखिएको, खेलकुद मैदान संरक्षणको लागी ग्याबिन जाली र स्टोन मेसनरी वाल लगाउने कार्य भएको |
| ९ | पैया सामुदायिक भवन निर्माण | १०,००,०००.०० | १,००,०००.०० | ९ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ईट्टाको गाह्रो लगाएर शौचालय निर्माण, स्टोन मेशनरी वाल, सामुदायिक भवन अगाडी खान्ने कार्य भएको। |
| १० | शितलादेवी मा वि खानेपानी व्यवस्थापन कार्य | ५,५०,०००.०० | ५५,०००.०० | १० | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | फिल्टर सहित खानेपानी व्यवस्थापन, मेशनरी वाल लगाई शौचालय मर्मत तथा अन्य भौत्तिक पूर्वाधार निर्माण कार्य भएको। |
| ११ | भुमेस्थान आ वि हावाखाने डिल सिडी निर्माण | ४,००,०००.०० | ४०,०००.०० | १० | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल, सोलिङ पि.सि.सि. गरी सिडी निर्माण कार्य भएको। |
| १२ | भन्ज्याङ मोटरबाटो स्तरोन्नती कार्य | ८,००,०००.०० | ८०,०००.०० | १० | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल, स्टोन मेशनरी वाल तथा ह्युमपाईप राखि क्याचपिट निर्माण गरिएको। |
| १३ | अर्चले खोल्सा प्राधिकरणमुनिबाट पार्टी प्यालेससम्म बस्ती संरक्षण कार्य | ६,००,०००.०० | ६०,०००.०० | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई खोल्सा नियन्त्रण गरी बस्ती संरक्षण कार्य भएको। |
| १४ | ईश्वर नारायण श्रेष्ठ घर संरक्षण | १,७९,७४१.७० | प्राविधिक बिल अनुसार | ११ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | घर संरक्षणको लागी मेशनरी वाल लगाई सोलिङ पि.सि.सि गरि सिडी निर्माण कार्य भएको। |
| १५ | नेपालथोक युवा क्लब भवन मर्मत संभार | २,००,०००.०० | २०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | Hollow Concrete Block लगाई जस्ताको छाना छाउने कार्य भएको। |
| १६ | अमले बस्ती संरक्षण कार्य(क्रशर प्रभावित) | ३,००,०००.०० | ३०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई जोखिम युक्त घर तथा वस्ती संरक्षण गर्ने कार्य भएको। |
| १७ | खानडाँडा थुम्की एक्लेपाटा सडक स्रतोन्नती कार्य | ८,००,०००.०० | ८०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | प्लम वाल, नाली, ग्याविन जाली लगाई सडक संरक्षण साथै सडकमा ग्राभेल कार्य गरिएको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८ | सुनडाँडा बस्ती संरक्षण कार्य | ३,००,०००.०० | ३०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई जोखिम युक्त घर तथा वस्ती संरक्षण गर्ने कार्य भएको। |
| १९ | भोटडाँडा बस्ती संरक्षण(क्रशर प्रभावित) | २,००,०००.०० | २०,०००.०० | १३ | प्राविधिक बिल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई जोखिम युक्त घर तथा वस्ती संरक्षण गर्ने कार्य भएको। |